केपिलासगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बाक्सिला, खोटाङ

प.सं. : ०७८।०७९
प्रदेश नं. १

च.नं. : ५८०
मिति : २०७८।०९।१९

## सूचना ! सूचना !! सूचना !!!

यस केपिलासगढी गाउँपालिकामा स्थायी बसोबास गर्ने नागरिकहरुको व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, बिबाह, सम्बन्ध बिच्छेद, बसाईसराई) तथा सामाजिक सुरक्षा भत्ता बारे सुचना लिने, दर्ता गराउने, गुनासो दर्ता गर्ने उद्देश्यले मिति २०७८ पौष २६ देखि २०७८ माघ २५ गते सम्म केपिलासगढी गाउँपालिका भित्र विभिन्न स्थानमा दर्ता शिविर सञ्चालन हुन गईरहेको हुनाले व्यक्तिगत घटना दर्ता साथै सामाजिक सुरक्षा भत्ताका लागि आवेदन दिन बाँकी नागरिकहरुले तपसिलमा उल्लेखित स्थान र मितिमा कार्यालय समय भित्र आवश्यक कागजात सहित उपस्थित भई अवसरको सदुपयोग गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ, उक्त शिविरमा सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना सम्बन्धी कुनै पनि गुनासो भए गुनासो समेत दर्ता गराउन सकिने ब्यहोरा अनुरोध छ ।

**तपसिल :**

**समय : बिहान १०:०० बजे देखि ४:०० बजे सम्म**

| क्र.स. | वडा नं. | स्थान | देखि | सम्म |
|---|---|---|---|---|
| १. | १ नं. फेदी | श्री गौरी पञ्चकन्या आ.वि. सुम्दे | २०७८।०९।२६ | २०७८।०९।२७ |
| | | श्री तोमाने आ.वि. तोमाने | २०७८।०९।२८ | २०७८।०९।२९ |
| २. | २ नं. खार्तम्छा | श्री सिंहकाली प्रा. वि. चोखाने | २०७८।०९।३० | २०७८।१०।०१ |
| | | श्री शुक्रजित मा.वि. मामातिम | २०७८।१०।०२ | २०७८।१०।०३ |
| ३. | ३ नं. बास्पानी | श्री राष्टिय मा. वि. बास्पानी | २०७८।१०।०४ | २०७८।१०।०५ |
| | | श्री मनकामना आ.वि. पयापु | २०७८।१०।०६ | २०७८।१०।०७ |
| ४. | ४ नं. बाक्सिला | श्री जालपा आ.वि. पिपलडाँडा | २०७८।१०।०८ | २०७८।१०।०९ |
| | | श्री पृथ्वी मा.वि. बाक्सिला | २०७८।१०।१० | २०७८।१०।११ |
| ५. | ५ नं. सप्तेश्वर | श्री मालिका प्रा.वि. चिउरीखर्क | २०७८।१०।१३ | २०७८।१०।१४ |
| | | श्री थर्पुडाँडाँ मा. वि थर्पुडाँडाँ | २०७८।१०।१५ | २०७८।१०।१६ |
| ६. | ६ नं. दिप्सुङ | श्री युवा ज्योति प्रा.वि. दिप्रु | २०७८।१०।१८ | २०७८।१०।१९ |
| | | श्री दिन्दु सामुदायिक भवन दिन्दु | २०७८।१०।२० | २०७८।१०।२१ |
| ७. | ७ नं. सुङ्देल | श्री सिंहदेवी प्रा. वि. रियाङ | २०७८।१०।२२ | २०७८।१०।२३ |
| | | श्री चन्द्र प्रा. वि. सिमखर्क | २०७८।१०।२४ | २०७८।१०।२५ |

छविलाल राई
प्रमुख प्रशासकीय अधिकृत

## दर्ता शिविरमा उपस्थित हुँदा ल्याउनुपर्ने कागजातहरुः

### क) व्यक्तिगत घटना दर्ताका लागि

**१. जन्म दर्ताको हकमा**

- शिशुको जन्म खुल्ने कागजातका साथै बाबु आमाको नागरिकताको प्रतिलिपी ।
- सुचकको नागरिकताको प्रतिलिपी ।

**२. मृत्यु दर्ताको हकमा**

- मृतकको मृत्यु मितिका साथै बाबु आमा र बाजेको नाम (यथाशक्य नागरिकता अनुसार)।
- सुचकको नागरिकताको प्रतिलिपी ।

**३. बिबाह दर्ताको हकमा**

- दुलाहा दुलहीको जन्म खुल्ने कागजातका साथै दूवै पक्षको बाबु आमाको नागरिकताको प्रतिलिपी।
- २/२ प्रति पासपोर्ट साईजको फोटो सहित दुलाहा दुलही स्वम उपस्तिथि हुनुपर्ने।

**४. सम्बन्ध विच्छेदको हकमा**

- दुलहा दुलहीको जन्म खुल्ने कागजातका साथै दुवै पक्षको बाबु आमाको नागरिकता बमोजिम सही विवरण।
- अदालतबाट सम्बन्ध विच्छेद भएको प्रमाणको प्रतिलिपी।
- सुचकको नागरिकताको प्रतिलिपी।

**५. बसाईसराईको हकमा**

- बसाईसराई जानेको नागरिकता तथा नावालकको हकमा जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपी।
- बसाईसराई जानेहरुको बाजे बाबु आमाको नागरिकता बमोजिम नाम।
- बसाईसराई जाने मध्येबाट एक जना सुचक हुने भएकाले सुचकको नागरिकताको प्रतिलिपी।
- बसाईसराई आउनेको हकमा पनि नागरिकताको प्रमाणपत्रको प्रतिलिपीका साथै नावालको हकमा जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपी।
- सुचक स्वयम नागरिकता लिएर उपस्थित हुनुपर्ने।

### (ख) सामाजिक सुरक्षा तर्फः

- २ प्रति पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपी साथै बाबु आमा र बाजेको नाम ।
- बिधवाको हकमा श्रीमानको मृत्यु दर्ताको प्रमाणपत्र पनि आवश्यक रहेको छ ।
- अपाङ्गताको हकमा अपाङ्ग कार्डको प्रतिलिपीका साथै संरक्षकको नागरिकताको प्रतिलिपी ।
- दलित बालबालिकाको हकमा जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपी र संरक्षकको नागरिकताको प्रतिलिपीका साथै बच्चाको २ प्रति फोटो ।
- अविवाहिताको हकमा ६० बर्ष उमेर पुगिसकेपछी वडाबाट अविवाहिता हो भनी सिफारिस गरिएको पत्र ।

विवेक फुयाल
पञ्जिकरण शाखा प्रमुख

छविलाल राई
प्रमुख प्रशासकीय अधिकृत

.................................
(विवेक फुयाल)
पञ्जिकरण शाखा प्रमुख

.................................
(छविलाल राई)
प्रमुख प्रशासकीय अधिकृत